नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२/६/२३ मा भूमि समस्या समाधान आयोग खारेज सम्बन्धमा तपसिल बमोजिम हुनेगरी निर्णय भएको वेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

(क) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/६/२ को निर्णय बमोजिम जारी भएको भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१, सो गठन आदेश बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग तथा सबै जिल्लामा गठन भएका जिल्ला समितिहरू खारेज गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यस्थित बसोबासीको लगत संकलनको सूचनाबमोजिम स्थानीय तहहरूबाट संकलन गरिएका तर आयोगको सूचना प्रणाली (NALCIS) मा प्रविष्टी नभएका आवेदनहरू जिल्ला समिति रहेको नापी कार्यालयमा २०८२ कात्तिक १५ गते भित्र बुझाउने र नापी कार्यालयमा संकलित आवेदन फारामहरू नापी कार्यालयकै कर्मचारीले प्रविष्टी गर्ने, गराउने।

(ग) २०८२ असोज ५ गते भित्र जग्गा दर्ताको निर्णय भै राजश्वसमेत जम्मा गरिसकेका अव्यवस्थित बसोबासीको सम्बन्धमा जग्गा धनी प्रमाण पूर्जा तथा श्रेस्ता प्रमाणित भइसकेको हकमा नापी कार्यालयबाट र जग्गा धनी प्रमाण पूर्जा तथा श्रेस्ता प्रमाणित हुन बाँकीको हकमा सदस्य सचिवको रूपमा कार्य गरेका नापी कार्यालयका प्रमुखले प्रमाणित गरी २०८२ कात्तिक मसान्त भित्र वितरण गर्ने, गराउने।

(घ) २०८२ असोज ५ गते भित्र जग्गा दर्ताको निर्णय भएका भूमिहिन दलित र भूमिहिन सुकुम्वासीको सम्बन्धमा जग्गा धनी प्रमाण पूर्जा तथा श्रेस्ता प्रमाणित भई सकेको हकमा नापी कार्यालयबाट र जग्गा धनी प्रमाण पूर्जा तथा श्रेस्ता प्रमाणित हुन बाँकीको हकमा सदस्य सचिवको रूपमा कार्य गरेका नापी कार्यालयका प्रमुखले प्रमाणित गरी २०८२ कात्तिक मसान्त भित्र वितरण गर्ने, गराउने।

(ङ) आयोगबाट जग्गा धनी प्रमाण पूर्जा प्राप्त गरेका व्यक्तिहरूले आयोग खारेज भएको मितिले ६० दिन भित्र सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा पेश गरी अद्यावधिक गराउने।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

(च) आयोगको लगत संकलनसम्बन्धी सूचना प्रणाली (NALCIS) को व्यवस्थापनका लागि नापी विभागमा हस्तान्तरण गर्ने।

(छ) आयोगबाट हालसम्म सम्पादन भएका काम कारबाही, सङ्कलन गरेका विवरण, निर्णय मिसिल, तथ्याङ्क फारामहरू/कागजातहरू एवं सवारी साधनलगायतका भौतिक सम्पत्तिहरू केन्द्रको हकमा आयोगको सदस्य-सचिवले नापी विभाग र जिल्ला समितिको हकमा सम्बन्धित सदस्य सचिवले जिल्लाका नापी कार्यालयमा २०८२ कात्तिक मसान्त भित्र बुझाउने।

(ज) आयोगको केन्द्र तथा जिल्ला समितिमा कार्यरत काजमा खटिएका वा करारमा रहेका कर्मचारीहरूलाई श्रेस्ता र अभिलेखहरू हस्तान्तरण गर्ने प्रयोजनका लागि २०८२ कात्तिक १५ गतेसम्म काममा लगाउने।

(गणेशप्रसाद भट्ट)
सहसचिव / प्रवक्ता

वि.सं. २०८२ साल असोज २४ गते शुक्रवार
नेपाल सम्वत् ११४५ कौलागा चतुर्थी